

# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४१ | अंक १० | नेपाल राष्ट्र बैंक समाचार | असार २०७४ | जुन-जुलाई २०१७

## SAARCFINANCE सेमिनार सम्पन्न

नेपाल राष्ट्र बैंकको आयोजनामा Macro- Prudential Policies in SAARC Countries विषयमा केन्द्रित रहेर जेठ २५-२६ गते काठमाडौँमा SAARCFINANCE सेमिनार सम्पन्न भयो ।




सो २ दिने सेमिनारको समुद्घाटन गभर्नर डा. चिरंजीबि नेपालले गर्नुभयो । उद्घाटन मन्तव्यमा उहाँले वित्तीय स्थायित्वका लागि Macro-prudential policy अत्यावश्यक रहेको बताउँदै सार्क क्षेत्रमा यसको अझ बढी महत्व रहेको उल्लेख गर्नुभयो । (गभर्नर डा. नेपालको मन्तव्यको पूर्ण पाठ www.nrb.org.np मा राखिएको छ ।

उक्त सेमिनारमा बंगलादेश, भुटान, भारत, नेपाल, पाकिस्तान र श्रीलंकाका केन्द्रीय बैंक तथा अर्थ मन्त्रालयका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । सेमिनारको सुरुमा गभर्नरको कार्यालयका का. मु. कार्यकारी निर्देशक डा. भुबनेश पन्तले स्वागत मन्तव्य दिनु भएको थियो भने अन्त्यमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले समापन मन्तव्य दिनु भएको थियो । गभर्नरको कार्यालयका निर्देशक तथा SAARCFINANCE संयोजक डा. प्रकाशकुमार श्रेष्ठले सेमिनार सम्पन्न गराउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## गभर्नर डा. नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले जेठ २८ गते काठमाडौंमा सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले इन्नोभेटिभ डेभलपमेण्ट बैंक लिमिटेड र अरनिको डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति गरेपछिको एकीकृत कारोबारको एक कार्यक्रम बीच शुभारम्भ गर्नुभयो ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले बैंकिङ क्षेत्रलाई थप बलियो बनाउन नेपाल राष्ट्र बैंकले प्रयास गरिरहेको बताउनु भयो । देशको जनसंख्याको ठुलो हिस्सा औपचारिक बैंकिङ भन्दा बाहिर रहेको जानकारी दिँदै उहाँले वित्तीय पहुँच विस्तारको आवश्यकता औंल्याउनु भयो । बैंक तथा वित्तीय संस्थाहरुले सर्वसाधारणको निक्षेपको दुरुपयोग गर्न नहुने विचार राख्दै उहाँले सुरक्षित लगानीमा जोड दिनुभयो ।




गभर्नर डा. नेपालले सो कार्यक्रममा देशको व्यापार घाटा बढ्दै गएकोमा चिन्ता व्यक्त गर्नुभयो । स्वदेशी उत्पादन र त्यसको प्रयोग मार्फत व्यापार घाटा कम गर्न सकिने धारणा राख्दै उहाँले हालको उच्च आर्थिक वृद्धि आगामी आर्थिक वर्षमा पनि हुने विश्वास व्यक्त गर्नुभयो ।

## Online Reporting सम्बन्धी व्यवस्था

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त विप्रेषण कारोबार गर्ने बैंक तथा वित्तीय संस्था, रेमिटान्स कम्पनी, सटही कारोबार गर्ने मनिचेञ्चर, विदेशी विनिमयको कारोबार गर्ने होटल, ट्राभल्स, ट्रेकिङ, कार्गो लगायतका निकायहरुले आफूले गरेको विदेशी विनिमय कारोबारको मासिक विवरण तथा कागजात विदेशी विनिमय व्यवस्थापन विभागमा नियमित रुपमा बुझाउने व्यवस्था रहेकोमा सो कार्यलाई सरलीकृत र व्यवस्थित बनाउने उद्देश्यले त्यस्तो विवरण अनिवार्य रुपमा Online Reporting का माध्यमबाट मात्र पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

# जोखिममा आधारित आन्तरिक लेखापरीक्षण विषयक आवासीय तालिम सम्पन्न

आन्तरिक लेखापरीक्षण विभागले जेठ १३ गतेदेखि १५ गतेसम्म काभ्रेपलाञ्चोकको धुलिखेलमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षण विषयक आवासीय तालिम कार्यक्रमको आयोजना गर्‍यो ।




उक्त तालिम उद्घाटन समारोहमा प्रमुख अतिथि डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले वित्तीय स्थायित्व कायम राख्न नेपाल राष्ट्र बैंकले गर्नुपर्ने विभिन्न कार्यहरूमा संस्थागत सुशासनलाई थप मजबुत बनाउनको निम्ति पनि जोखिममा आधारित आन्तरिक लेखापरीक्षणको महत्व रहेको बताउनु भयो । उहाँले बदलिँदो परिवेशमा अवलम्बन गरिने जोखिममा आधारित आन्तरिक लेखापरीक्षणले बैंकका उच्च जोखिमयुक्त क्षेत्र र कार्यलाई यथासमय सुधार गर्न सघाउ पुर्‍याउने भएकोले स्वयम् आन्तरिक लेखापरीक्षणको कार्य पनि थप व्यवस्थित र प्रभावकारी हुने उल्लेख गर्नुभयो ।

डेपुटी गभर्नर शिवाकोटीले बैंकले आगामी दिनमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षण पद्धति लागु गर्नुको विकल्प नरहेको बताउँदै आन्तरिक लेखापरीक्षण विभागलाई थप सशक्त बनाउन उच्च व्यवस्थापन सकारात्मक रहेको पनि सो कार्यक्रममा बताउनु भयो । बैंकका विभिन्न विभाग तथा कार्यालयले प्रचलित ऐन, नियम र कानुन बमोजिम सम्पादन गर्नुपर्ने कार्यमा हुने गरेका कतिपय कमी कमजोरीलाई आन्तरिक लेखापरीक्षण विभागले उजागर गर्ने गरेको उल्लेख गर्दै उहाँले त्यस्ता कमी कमजोरी सुधारको निम्ति लेखापरीक्षण समितिबाट दिइने वस्तुगत निर्णयले बैंकको संस्थागत सुशासनमा थप टेवा पुग्ने गरेको धारणा राख्नुभयो ।

सो कार्यक्रमलाई सम्बोधन गर्दै बैंक सञ्चालक समितिका सदस्य तथा लेखापरीक्षण समितिका संयोजक रामजी रेग्मीले बैंकले जोखिममा आधारित आन्तरिक लेखापरीक्षण कार्यलाई लागु गर्न ढिलाइ गर्न नहुने बताउनु भयो । बैंकको लेखापरीक्षण समितिका सदस्य केशवप्रसाद भट्टराईले संस्थालाई संस्थागत सुशासनको दृष्टिकोणले अब्बल बनाउन पनि जोखिममा आधारित आन्तरिक लेखापरीक्षण कार्यलाई अवलम्बन गर्नुपर्ने बताउनु भयो ।

कार्यक्रमको उद्घाटन समारोहमा धन्यवाद व्यक्त गर्दै आन्तरिक लेखापरीक्षण विभागका कायम मुकायम कार्यकारी निर्देशक वासुदेव अधिकारीले बैंकले एकीकृत जोखिम व्यवस्थापन संरचना तथा जोखिम व्यवस्थापन निर्देशिका जारी गरी सबै विभाग तथा कार्यालयमा जोखिम पुस्तिका राख्न अनिवार्य गरिसकेको परिप्रेक्ष्यमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षण कार्यलाई अघि बढाउन आवश्यक देखिएकोले आवासीय तालिमको आयोजना गरिएको बताउनु भयो । विभागका कायम मुकायम निर्देशक रोशनकुमार सिग्देलले स्वागत मन्तव्य राख्नुभयो ।

आन्तरिक लेखापरीक्षण विभागका सम्पूर्ण कर्मचारी र संस्थागत योजना विभागको जोखिम व्यवस्थापन एकाइको जिम्मेवारीमा रहनु भएका अधिकृत कर्मचारीहरूको सहभागिता रहेको उक्त तालिम कार्यक्रमका प्रमुख स्रोत व्यक्ति वरिष्ठ चार्टर्ड एकाण्टेण्ट एन.के. शर्मा हुनुहुन्थ्यो । कार्यक्रममा उहाँ लगायतको विज्ञ समूहले आवासीय तालिममा जोखिम पुस्तिका तर्जुमा, आन्तरिक लेखापरीक्षणको मानक व्यवस्था, जोखिम व्यवस्थापन र सोको आधारमा गरिने लेखापरीक्षणको स्वरुप, लेखापरीक्षण प्रतिवेदन लेखनका विभिन्न पक्षबारे सैद्धान्तिक तथा व्यावहारिक तवरबाट प्रकाश पारेको थियो ।



# नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघको स्थापना दिवस

पूर्व गभर्नर गणेशबहादुर थापा तथा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघको २४औं स्थापना दिवसको जेष्ठ १७ गते एक समारोहका बीच बैंकर्स हल, थापाथलीमा संयुक्त रूपमा उद्घाटन गर्नुभयो । प्रमुख अतिथि समेत रहनु भएका पूर्व गभर्नर थापाले उद्घाटन मन्तव्यका क्रममा संघबाट भएगरेका कामकारवाहीको सराहना गर्दै आउने दिनमा थप रचनात्मक कार्यतर्फ अग्रसर हुन संघलाई सल्लाह दिनुभयो । डेपुटी गभर्नर शिवाकोटीले हालैका दिनमा देशको अर्थतन्त्र सकारात्मक दिशातर्फ अघि बढेको, केन्द्रीय बैंकले अवलम्बन गरेका विभिन्न नीतिगत व्यवस्थाबाट वित्तीय क्षेत्र थप सुदृढ र सुशासनयुक्त भएको, बैंकिङ सेवाको पहुँच वृद्धि हुँदै गएको र वित्तीय प्रणाली थप आधुनिकीकरणतर्फ उन्मुख हुँदै गएको धारणा व्यक्त गर्नुभयो ।



समारोहमा नेपाल राष्ट्र बैंक पूर्वकर्मचारी संघका अध्यक्ष भोलाराम श्रेष्ठले स्वागत मन्तव्य दिँदै संघको उद्देश्य सदस्यहरूको हितको सम्बर्द्धन गर्नु मात्र नभई केन्द्रीय बैंकसँगको उनीहरूको लामो अनुभवबाट देशको अर्थव्यवस्थामा आ-आफ्नो तर्फबाट सक्दो योगदान दिनु समेत रहेको र सोही सन्दर्भमा वित्तीय साक्षरताको प्रचारप्रसार गर्ने लगायतका अभियानमा राष्ट्र बैंकलाई सघाउन संघ सँधै इच्छुक र अग्रसर रहेको विचार व्यक्त गर्नुभयो । उहाँले सरकारले राष्ट्र बैंकको संचालक समितिको सदस्यमा पूर्व कार्यकारी निर्देशक रामजी रेग्मीलाई नियुक्ति गरेकोमा संघ गौरवान्वित भएको र उहाँको केन्द्रीय बैंकिङ र पुँजी बजारको लामो व्यावहारिक अनुभवबाट बैंकको नीति निर्माणमा सन्तुलनयुक्त योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सोही अवसरमा पूर्व गभर्नर थापा, डेपुटी गभर्नर शिवाकोटी र संघका अध्यक्ष भोलाराम श्रेष्ठले ७५ वर्ष उमेर पूरा गरेका संघका २५ जना वरिष्ठ सदस्यहरूलाई दोसल्ला, फूलमाला तथा सम्मानपत्रबाट सम्मानित गर्नुभएको थियो । त्यसैगरी बैंकका नवनियुक्त संचालक रामजी रेग्मीलाई पूर्व गभर्नर गणेशबहादुर थापा तथा संघका अध्यक्ष भोलाराम श्रेष्ठले दोसल्ला तथा फूलमालाबाट सम्मान गर्नुभएको थियो । सो अवसरमा मन्तव्य दिनुहुँदै संचालक रेग्मीले संघको क्रियाकलापहरूलाई प्रोत्साहन गर्न बैंकका तर्फबाट सक्दो सहयोग हुने विश्वास व्यक्त गर्नुभयो । सम्मानित सदस्यहरूको तर्फबाट मन्तव्य दिनुहुँदै पूर्व कार्यकारी निर्देशक मुकुन्दप्रसाद शर्मा पोखरेलले अग्रजहरूलाई सम्मान गर्ने संघको अग्रसरता सराहनीय भएको विचार व्यक्त गर्नुभएको थियो । संघले ७५ वर्ष पूरा गरेका सदस्यहरूलाई २०६९/७० देखि सम्मान गर्ने व्यवस्था सुरु गरेको हो । यसअन्तर्गत गतवर्ष ४९ जना सदस्यहरू सम्मानित हुनुभएको थियो ।

सोही कार्यक्रममा राष्ट्रियस्तरमा आर्थिक, बैंकिङ, साहित्य, संगीत, कला तथा सामाजिक सेवाका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउनु हुने राष्ट्र बैंकका एकजना पूर्व कर्मचारीलाई प्रत्येक वर्ष सम्मानित गर्ने प्रयोजनका लागि एक अक्षयकोष स्थापना गरिएको घोषणा गरिएको थियो । सो प्रयोजनका लागि संघका महासचिव श्यामबहादुर श्रेष्ठ तथा श्रीमती विमला श्रेष्ठले रु. १,५५,५५५.०० को चेक अध्यक्ष श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको थियो । अक्षयकोषको सञ्चालनको जिम्मेवारी नेपाल राष्ट्र बैंक पूर्वकर्मचारी संघले वहन गर्नेछ ।

उक्त समारोहमा पूर्वडेपुटी गभर्नर डा. प्रफुल्लकुमार काफ्ले, संघका सल्लाहकारद्वय माधवप्रसाद भट्ट तथा डा. रेवतबहादुर कार्की र नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष ढुण्डीराज मिश्रले शुभकामना मन्तव्य दिनुहुँदै पूर्व कर्मचारी संघको क्रियाकलापहरू प्रतिको धारणा व्यक्त गर्नुभएको थियो । राष्ट्रियगानबाट सुरूभएको उक्त समारोहमा संघका संस्थापक अध्यक्ष स्वर्गीय मदनमानसिंह बस्न्यातको तस्बीरमा माल्यार्पण गर्नुका साथै दिवंगत सदस्यहरूप्रति सम्मानस्वरूप एक मिनेट मौनधारण गरिएको थियो । नेपाल राष्ट्र बैंकका सेवानिवृत्त कर्मचारीहरूको छाता संगठनका रूपमा नेपाल राष्ट्र बैंक पूर्वकर्मचारी संघ वि.सं. २०५१ जेष्ठ १७ मा विधिवत स्थापना भएको हो । काठमाडौं उपत्यका वाहिर नेपाल राष्ट्र बैंकका कार्यालय रहेका स्थानमा यस संघका शाखा समितिहरू सन्चालनमा रहेका छन् ।

## मौद्रिक नीति तर्जुमा सम्बन्धी अन्तरक्रिया



अनुसन्धान विभागले असार ३ गते आर्थिक वर्ष २०७४।७५ को मौद्रिक नीति तर्जुमा सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो । सो कार्यक्रममा गभर्नर डा. चिरंजीबि नेपालले सहभागीहरुसँग सटिक र गहन सुझावको अपेक्षा गर्नुभयो । अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले देशको आर्थिक अवस्थाको बारेमा प्रस्तुति दिनुभयो । सहभागीहरुले आ-आफ्नो सरोकारका विषयमा सुझावहरु दिनुभयो ।

सरोकारवाला सबैसँग सल्लाह तथा सुझाव लिई मौद्रिक नीतिमा समावेश गर्ने परम्परा रहे अनुरुप अन्तरक्रिया गरिएको थियो ।

# मुद्रा व्यवस्थापन विभागद्वारा एक दिवसीय अन्तरक्रियात्मक गोष्ठी आयोजना

जेठ १२ गते काठमाडौंमा मुद्रा व्यवस्थापन विभागको आयोजनामा "जाली नोट नियन्त्रणका लागि चाल्नुपर्ने कदम" सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी सम्पन्न भयो ।



उक्त गोष्ठीको समुद्घाटन गर्दै प्रमुख अतिथि डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले बजारमा खासगरी रु. ५००।- दरका जाली नोटहरु देखिन थालेको सन्दर्भमा गोष्ठीको आयोजना सान्दर्भिक भएको बताउदै जालीनोटको कारोबारलाई नियन्त्रण र दुरुत्साहन गर्न नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाहरु तथा सुरक्षा निकाय सबैले संयुक्त रुपले प्रयास गर्नुपर्ने आवश्यकता रहेको बताउनु भयो । उहाँले यसका लागि जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्दै लैजानु पर्ने बताउँदै यस दिशामा कार्य गर्न समेत निर्देशन दिनुभयो ।

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक भुवन कडेलको सभापतित्वमा सम्पन्न सो गोष्ठीमा निर्देशक भीष्मप्रसाद उप्रेतीले स्वागत मन्तव्य राख्दै गोष्ठीको उद्देश्य माथि प्रकाश पार्नुभयो । उपनिर्देशक रुद्रबहादुर घिमिरेले सफानोट नीति र यसको कार्यान्वयन पक्षका सम्बन्धमा र सहायक निर्देशक मणिराज श्रेष्ठले जाली नोट नियन्त्रणका लागि चाल्नु पर्ने कदम सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

उक्त गोष्ठीमा बैंकर्स संघ, विकास बैंक संघ र वित्तीय संस्था संघका अध्यक्ष/प्रतिनिधिहरु लगायत बैंक तथा वित्तीय संस्थाहरुका प्रमुख सञ्चालन अधिकृतहरु समेत गरी ८० जनाको सहभागिता थियो ।

## सेवा निवृत्त अधिकृतहरूलाई विदाई

बैंकमा ३० वर्षको सेवा पूरा गरी अनिवार्य अवकाश पाउनु भएका गभर्नरको कार्यालयका सहायक निर्देशकहरु इन्दुदेवी थपलिया र राधाकृष्ण पुडासैनीलाई जेठ २० गते एक समारोहको आयोजना गरी विदाई गरियो ।



बल्थली, काभ्रेमा आयोजित उक्त विदाई कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले सुखमय सेवा निवृत्त जीवनको कामना गर्दै उहाँहरुलाई विदाई चिनो प्रदान गर्नुभयो । कार्यक्रममा सेवा निवृत्त दुवैजनाले आ-आफ्नो कर्मचारी जीवनका अनुभवहरु सुनाउनु भयो । गभर्नरको कार्यालयका कर्मचारीहरुको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

## कर्मचारी संघको दोस्रो परिषद् बैठक सम्पन्न

नेपाल राष्ट्र बैंक कर्मचारी संघ, थापाथली समितिको दोस्रो परिषद् बैठक जेठ २६ गते थापाथली, काठमाडौंमा सम्पन्न भयो । उक्त बैठकको उद्घाटन समारोहमा प्रमुख अतिथि डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले नेपाल राष्ट्र बैंक कर्मचारी संघको स्थापनाकालको स्मरण गर्दै कर्मचारीको एकतामा जोड दिनुभयो । संघले व्यवस्थापन समक्ष राखेका मागहरुका सम्बन्धमा पनि उहाँले आफ्ना धारणाहरु राख्नुभयो ।

उक्त समारोहमा संघका केन्द्रीय अध्यक्ष ढुण्डीराज मिश्र, पूर्व अध्यक्ष वसन्तराज पाण्डे, बालुवाटार समितिका अध्यक्ष महेश चौलागाईं र सेवा निवृत्त कर्मचारीहरुका तर्फबाट खगेन्द्र गौतमले शुभकामना मन्तव्य राख्नु भएको थियो । थापाथली समितिका अध्यक्ष माधवप्रसाद बरालको अध्यक्षतामा सम्पन्न भएको सो समारोहमा उपाध्यक्ष रमेशकुमार सुवेदीले स्वागत मन्तव्य राख्नु भएको थियो भने कार्यक्रमको सञ्चालन सहसचिव डिल्लीकुमार थापाले गर्नु भएको थियो ।



# 68th APRACA Executive Committee Meeting सम्पन्न

डेपुटी गभर्नर एवम् APRACA का Chairman शिवराज श्रेष्ठको अध्यक्षतामा चीनको बेइजिङमा The 68th APRACA Executive Committee Meeting and Regional Policy Forum on "Financial Service and Poverty Reduction" कार्यक्रम जुन ५-८, २०१७ मा सम्पन्न भयो ।




उक्त कार्यक्रमको उद्घाटन सत्रमा मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर श्रेष्ठले Asia Pacific क्षेत्रमा वित्तीय सेवा तथा गरिबी निवारण सम्बन्धी कार्यक्रमहरुको समन्वयात्मक रुपमा सञ्चालन एवम् सम्पादनमा APRACA को भूमिका महत्त्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो । साथै, APRACA द्वारा सञ्चालित कार्यक्रमहरुले सदस्य मुलुकमा वित्तीय सेवाको पहुँचको माध्यमबाट गरिबी निवारण गर्न आवश्यक ज्ञान आदान प्रदान गर्ने Forum उपलब्ध भएको र यसबाट सबै सदस्य संस्थाहरु लाभान्वित हुने विचार व्यक्त गर्नुभयो । उहाँले Rural and Agricultural Credit को क्षेत्रमा सदस्य मुलुकहरुमा भए गरेका कार्यक्रमका अनुभवको आधारमा वित्तीय पहुँच अभिवृद्धि तथा गरिबी निवारणका कार्यक्रमहरु निर्माण गर्न सहयोग पुग्ने विचार समेत व्यक्त गर्नुभयो ।

सोही अवसरमा Peoples Bank of China का Director General Mr. Ji Zhihong, IFAD China का Mr. Matteo Marchisio तथा ADBC का Executive Vice President Mr. Yin Jiuyong ले चीनमा सञ्चालित कृषि तथा ग्रामीण कर्जा सम्बन्धी नीति तथा कार्यक्रमहरुबाट गरिबी निवारणमा पुगेको उल्लेखनीय योगदानका विषयमा चर्चा गर्नुभयो । उहाँहरुले वित्तीय पहुँच वृद्धिका कार्यक्रमहरुको सघन सञ्चालनबाट सन् १९७८ देखि २०१६ को करिब ४० वर्षको अन्तरालमा चीनको गरिबी करिब ९३ प्रतिशतले घट्न गई हाल चीनमा केवल ४.५ प्रतिशत जनता मात्र गरिबीको रेखामुनि रहेको तथ्य प्रस्तुत गर्नुभयो । उहाँहरुले चीनमा सन् १९७८ मा ७७० मिलियन अर्थात कुल जनसंख्याको करिब ९७.५ प्रतिशत जनता गरिबीको रेखामुनि रहेकोमा सन् २०१६ मा केवल ४३.३५ मिलियन जनता अर्थात् कुल जनसंख्याको ४.५ प्रतिशत जनता मात्र गरिबीको रेखामुनि रहेको तथ्य उल्लेख गर्नुभयो ।

बेइजिङस्थित Agricultural Development Bank of China (ADBC) ले आयोजना गरेको उक्त कार्यक्रमको उद्घाटन सत्रमा ADBC का Chairman Mr. Xie Xuezhi ले कार्यक्रमका सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको सफलताको कामना गर्नुभएको थियो भने समापनमा APRACA का Secretary General Dr. Prasun Kumar Das ले सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

कार्यक्रमको Technical Session मा Role of Financial Service to reduction of poverty: Experience from IFAD BR Project in Iran, New Progress in Poverty Reduction in China, Financial Service best Practices in China - Scenarios and Cases तथा Financial Services Best Practices in South East Asia Region जस्ता कार्यपत्रहरुको प्रस्तुति एवम् सो उपर छलफल भएको थियो ।

APRACA का Chairman तथा डेपुटी गभर्नर शिवराज श्रेष्ठको अध्यक्षतामा कार्यक्रमको 68'h Meeting of Executive Committee (EXCOM) सञ्चालन भएको थियो । उक्त अवसरमा APRACA का Chairman ले पेश गर्नुभएका प्रस्ताव तथा एजेण्डाहरु माथि व्यापक छलफल पछि सुझाव सहित पारित गर्ने कार्य भएको थियो ।

जुन ९-१०, २०१७ मा APRACA का Chairman तथा डेपुटी गभर्नर तथा भ्रमण टोलीबाट बैंककस्थित APRACA Secretariat Office तथा The Bank for Agriculture and Agricultural Cooperative (BAAC) को प्रधान कार्यालयको अवलोकन भ्रमण गरिएको थियो । सो अवसरमा APRACA Secretariat सँग APRACA को सदस्यता वृद्धि तथा Consulting Services को विस्तार गर्ने विषय तथा APRACA को प्रभावकारिता वृद्धि गर्ने विषयमा समसामयिक छलफल गरिएको थियो । BAAC का President सँगको भेटमा BAAC द्वारा ग्रामीण तथा कृषि कर्जाको क्षेत्रमा भए गरेका कार्यहरुको बारेमा छलफल गरिएको थियो भने नेपालको अनुभव समेत उक्त अवसरमा जानकारी गराइएको थियो ।




कार्यक्रमको दौरानमा BAAC द्वारा लगानी गरिएको Agricultural Firm को समेत अवलोकन भ्रमण गरिएको थियो । उक्त कार्यक्रमहरुमा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका का. मु. कार्यकारी निर्देशक उपेन्द्रकुमार पौडेल तथा निर्देशक देवकुमार ढकालको समेत सहभागिता रहेको थियो ।

# दोस्रो थोक मूल्य सर्वेक्षण आयोजनाद्वारा मूल्य संकलक शिक्षकहरूलाई प्रशिक्षण

नेपाल राष्ट्र बैंक, दोस्रो थोक मूल्य सर्वेक्षण आयोजनाले गत फागुन ६-७ मा बैंकिङ प्रशिक्षण केन्द्र, थापाथलीमा विभिन्न १२ वटा जिल्लाहरुबाट आउनु भएका २६ जना थोक मूल्य संकलक शिक्षकहरुलाई दुई दिने प्रशिक्षण प्रदान गर्ने कार्यक्रम सम्पन्न गऱ्यो ।



उक्त कार्यक्रमका प्रमुख अतिथि तथा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले थोक मूल्य सूचकाङ्क निर्माण गर्नुको मुख्य उद्देश्य तथा ऐतिहासिक पृष्ठभूमि, यसको उपयोगिता, अन्तर्राष्ट्रिय अभ्यास तथा थोक मूल्य संकलक शिक्षकहरुको भूमिकाबारे प्रकाश पार्नुभयो । उहाँले आर्थिक वर्ष २०५६/५७ पछि हालसम्म नयाँ थोक मूल्य सर्वेक्षण हुन नसकेकोले थोक मूल्य सूचकाङ्कको विश्वसनीयता अभिवृद्धि गर्न र यसलाई बढी यथार्थपरक बनाउन नयाँ थोक मूल्य सर्वेक्षण गर्नुपर्ने आवश्यकता बारे चर्चा गर्नुभयो । नेपाल राष्ट्र बैंकको प्रमुख उद्देश्य मुद्रास्फीतिलाई वाञ्छित सीमा भित्र राख्नु भएकोले मूल्य संकलन गर्ने कार्य शिक्षकहरुबाट गराउँदा मूल्य सूचकाङ्क बढी विश्वसनीय हुनुका साथै यसले credibility अभिवृद्धि गर्ने कुरा उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा दोस्रो थोक मूल्य सर्वेक्षण सम्बन्धी सैद्धान्तिक एवम् व्यावहारिक पक्षहरूबारे आयोजनामा कार्यरत कर्मचारीहरूद्वारा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । आयोजना प्रमुख तथा अनुसन्धान विभागकी निर्देशक नीलम तिम्सिनाले मूल्य सूचकाङ्कको परिचय र अर्थतन्त्रमा यसको महत्वका बारे कार्यपत्र प्रस्तुत गर्दै मुद्रास्फीति मापन विधि, मुद्रास्फीतिका कारणहरू तथा नियन्त्रणका उपायहरू, मुद्रास्फीति नियन्त्रणको निमित्त नेपाल राष्ट्र बैंकको भूमिका एवम् नेपाल राष्ट्र बैंकले चालेका विभिन्न कदमहरूबारे चर्चा गर्नुभएको थियो । त्यसैगरी उपनिर्देशक डा. राजनकृष्ण पन्तले थोक मूल्य सूचकाङ्कको अवधारणा तथा अभ्यासबारे कार्यपत्र प्रस्तुत गर्दै थोक मूल्यको परिभाषा, नयाँ थोक मूल्य सर्वेक्षणको आवश्यकता, सार्क मुलुकहरुमा थोक मूल्य सूचकाङ्क सम्बन्धी व्यवस्था, तथ्याङ्कको स्रोत तथा अवधि एवम् प्रस्तावित भार सहितको वस्तु डालो सम्बन्धी विविध पक्षहरूबारे चर्चा गर्नुभएको थियो । उहाँले दोस्रो थोक मूल्य सूचकाङ्कको निर्माणको निमित्त कुल १२११ वस्तुहरुलाई अन्तर र्ाष्ट्रिय वर्गीकरण विधिअनुसार विभिन्न ५२ समूह तथा उपसमूहमा विभाजन गरिएको र  कुल २९४ वस्तुहरु छनौट गरिएको जानकारी पनि गराउनु भएको थियो ।

सो कार्यक्रममा सहायक निर्देशकहरू डा. महेश कुमार चौलागाईं, सुशील पौडेल, मेदनीप्रसाद पोखरेल तथा रमेशप्रसाद पराजुलीबाट मूल्य प्रदायक निकायहरुको पहिचान (Outlet Identification) तथा वस्तुको Specification, Quantity /Quality आदिको निर्धारण गर्न सम्पन्न गर्नुपर्ने सर्वेक्षण सम्बन्धी विविध पक्षहरूबारे

कार्यपत्रहरू प्रस्तुत गरिएका थिए । कार्यक्रमको प्रमुख उद्देश्य मूल्य प्रदायक निकायहरुको पहिचान (Outlet Identification) तथा वस्तुको Specification, Quantity /Quality आदिको निर्धारण गर्न सर्वेक्षणको निमित्त छनौटमा परेका शिक्षक/शिक्षिकाहरूलाई  प्रशिक्षण प्रदान गर्नु रहेको थियो ।

# विराटनगर कार्यालयमा पद तथा गोपनीयताको सपथग्रहण



विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले जेठ २५ मा काबेली विकास बैंक लिमिटड, धनकुटाका संचालक समितिका नव नियुक्त अध्यक्ष गोपालप्रसाद काफ्लेलाई तथा अध्यक्ष काफ्लेले संचालक समितिका अन्य सदस्यहरुलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो । सो अवसरमा निर्देशक पौडेलले नवनियुक्त सञ्चालकहरुलाई बधाई ज्ञापन गर्दै सुदृढ संस्थागत सुशासन, ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अभिवृद्धि गर्नुको साथै कृषि क्षेत्रमा लगानी बढाउन सुझाव दिनुभयो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १२७ को उपदफा (२) बमोजम जिल्ला स्थित (उपत्यका बाहिर) प्रधान कार्यालय भएका क्षेत्रीय वा जिल्लास्तरीय बैंक तथा वित्तीय संस्थाहरुका संचालक समितिका अध्यक्षले उक्त क्षेत्रमा अवस्थित नेपाल राष्ट्र बैंकका निर्देशक समक्ष पद तथा गोपनीयताको सपथ लिनु पर्ने व्यवस्था अनुसार यस्तो कार्यक्रम सम्पन्न भएको हो ।

# विराटनगर कार्यालयद्वारा पूर्वी तराईमा कृषि कर्जाको अवस्था एवम् प्रभावकारिता सम्बन्धी छलफल तथा अन्तरक्रिया

नेपालमा बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या तथा कारोबारमा वृद्धि हुदै गए तापनि सो अनुसार कृषि क्षेत्रमा अपेक्षित रुपमा कर्जा वृद्धि हुन नसकिरहेको सन्दर्भमा विराटनगर कार्यालयले जेठ ४ गते सुनसरीको इनरुवामा पूर्वी तराईमा कृषि कर्जाको अवस्था एवम् प्रभावकारिता सम्बन्धी सामुहिक छलफल तथा अन्तरक्रिया कार्यक्रम



सम्पन्न गऱ्यो ।

विराटनगर कार्यालयका निर्देशक रामु पौडेलको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उपनिर्देशक डा. रामशरण खरेलले कृषि क्षेत्र तथा किसानको अवस्था, कर्जा प्रवाहको वर्तमान स्थिति, कृषि कर्जासँग सम्बन्धित विद्यमान नीतिगत व्यवस्था लगायतको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । निर्देशक पौडेलले कृषि कर्जाको स्थितिको बारेमा संक्षिप्त चर्चा गर्दै कार्यक्रममा उठेका जिज्ञासाहरुलाई सम्बोधन गर्नुभयो । साथै, उहाँले कृषि कर्जा प्रवाहमा उत्पन्न हुन सक्ने विभिन्न कठिनाइहरुलाई समाधान गर्न क्षेत्रीयस्तरमा संस्थागत संयन्त्र रहेको तर्फ पनि ध्यान आकृष्ट गर्नुभयो ।

सहायक निर्देशक विना ढकालले स्वागत मन्तव्य व्यक्त गर्नु भएको उक्त कार्यक्रममा कृषकहरुले कृषि कर्जा प्रवाहमा बैंकहरु उदासिन रहेको र प्रक्रिया झण्झटिलो रहेको तर्फ ध्यान आकृष्ट गर्नुका साथै बैंक तथा वित्तीय संस्थाहरुले कृषि कर्जा प्रवाहमा रहेका व्यावहारिक कठिनाइहरुका बारेमा प्रकाश पार्नु भएको थियो । उद्योग वाणिज्य संघ, इनरुवाका अध्यक्षले कृषि उत्पादनको न्यूनतम मुल्य सरकारले तोक्नुपर्ने तर्फ जोड दिनु भएको थियो ।

कार्यक्रममा कृषि कर्जासँग सम्बन्धित बैंक तथा वित्तीय संस्थाका क्षेत्रीय/शाखा प्रबन्धक, सरकारी कार्यालयका प्रतिनिधि, उद्योग वाणिज्य संघका प्रतिनिधि, कृषक, स्थानीय बुद्धिजीवी एवम् पत्रकारहरुको उपस्थिति रहेको थियो । विराटनगर कार्यालयले चालू आर्थिक वर्षमा कृषि कर्जाको अवस्था एवम् प्रभावकारिता सम्बन्धमा गरेको अध्ययनलाई सघाउ पुयाउने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रमको सञ्चालन कार्यालयका सहायक निर्देशक सुनिल कोइरालाले गर्नु भएको थियो ।

# जनकपुर कार्यालयमा विदाई कार्यक्रम

जनकपुर कार्यालयले बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएका तत्कालीन कार्यालय सहयोगी प्रथम चन्दरदेवी मेहत्तरको सम्मानमा जेठ २८ गते विदाई कार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा कार्यालयका निर्देशक तुलसीप्रसाद घिमिरेले अवकाश हुनुभएका उहाँलाई बिदाई स्वरुप फूलमाला तथा सहित सम्मानपत्र प्रदान गर्नुभयो ।

कार्यक्रममा निर्देशक घिमिरेले नेपाल राष्ट्र बैंकको श्रीवृद्धिमा अग्रज कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहेको बताउँदै अवकाश पछिको जीवनको पूर्वयोजना गर्न सकेमा अवकाश जीवन सहज र सुखद हुने विचार व्यक्त गर्नुभयो । मित्रवत् व्यवहार र लगनशीलता बैंक सेवाबाट अवकाश हुनुभएका मेहत्तरको राम्रो पक्ष रहेको चर्चा गर्दै निर्देशक घिमिरेले उहाँको अवकाशपछिको जीवन स्वस्थ, सफल र सुखद रहोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उपनिर्देशक माधव दंगालले कर्मचारीहरुले संस्थाबाट लिने मात्र होइन केही दिने बारेमा पनि सोच राख्नु पर्ने धारणा राख्नुभयो । उहाँ लगायत अन्य अधिकृत तथा कर्मचारीहरुले पनि टीका तथा पुष्प गुच्छा प्रदान गरी मेहत्तरलाई बिदाई गर्नुभयो ।

कार्यालयका अधिकृत तथा कर्मचारीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक कर्मचारी संघ, नेपाल राष्ट्र बैंक जनकपुरका उपाध्यक्ष शिवनारायण झाले सम्पूर्ण कर्मचारीहरुको तर्फबाट शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन सहायक हरि गौतमले गर्नुभएको थियो ।



# पोखरा कार्यालयमा ६२ औं वार्षिकोत्सव समारोह

पोखरा कार्यालयमा बैंकको ६२औं वार्षिकोत्सवको उपलक्ष्यमा ब्याडमिण्टन प्रतियोगिता, उपनिर्देशक कप फुटसल प्रतियोगिता, म्युजिकल चियर प्रतियोगिता र घैंटो फुटाइ प्रतियोगिता तथा रक्तदान कार्यक्रमको आयोजना भयो ।

उक्त प्रतियोगिताहरु मध्ये ब्याडमिण्टन अन्तर्गतको महिला सिंगल्समा उर्मिला सापकोटाले प्रथम र गीता पोखरेल लम्सालले द्वितीय स्थान तथा पुरुष सिंगल्समा सुरेन्द्र बोहराले प्रथम, खिमबहादुर थापाले दोस्रो र दिपेश प्रधानले तेस्रो स्थान हासिल गर्नु भएको थियो । पुरुष डबल्समा गोविन्दबहादुर थापा र सुरेन्द्र बोहराको जोडी प्रथम स्थानमा रहँदा दिपेश प्रधान र सुदिप त्रिपाठीको जोडी दोस्रो स्थानमा रहेको थियो । उपनिर्देशक कप फुटसल प्रतियोगितामा विल्स विभाग समूह



प्रथम भएको थियो भने अनुसन्धान विभाग समूह दोस्रो भएको थियो । पूर्व कर्मचारीहरुका लागि आयोजित म्युजिकल चियर प्रतियोगितामा पुर्व कर्मचारी रामप्रसाद बस्ताकोटी र घैंटो फुटाइ प्रतियोगितामा पुर्व कर्मचारी दुर्गाबहादुर शाह विजयी हुनु भएको थियो ।

बार्षिकोत्सवकै अवसर पारेर गरिएको रक्तदान कार्यक्रममा ३० जना दाताहरुले रक्तदान गरेका थिए । रक्तदानमा बैंकका कर्मचारी, नेपाली सेनाका कर्मचारी, अन्य बैंक तथा वित्तीय संस्थाका कर्मचारीका साथै सर्वसाधारणहरु सहभागी भएका थिए । अतिरिक्त क्रियाकलापको उद्घाटन भने डेपुटी गभर्नर शिवराज श्रेष्ठको आतिथ्यमा चैत्र २८ गते गरिएको थियो ।

कार्यक्रमको समापन वैशाख १४ गते सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा अतिरिक्त क्रियाकलाप कार्यक्रमका संयोजक तथा पोखरा कार्यालयका का. मु. निर्देशक अमर अधिकारीबाट विजयी खेलाडीहरुलाई प्रमाणपत्र तथा ट्रफी प्रदान गरिनुका साथै नयाँ अवकाश प्राप्त कर्मचारीहरुलाई दोसल्ला ओढाई प्रमाणपत्र सहित सम्मान गरिएको थियो ।

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

**(आर्थिक वर्ष २०७३/७४ को दश महिनासम्मको तथ्याङ्कमा आधारित)**

## समष्टिगत आर्थिक परिदृश्य

चालू आर्थिक वर्ष २०७३/७४ को प्रथम दश महिनासम्मको उपलब्ध तथ्याङ्कलाई विश्लेषण गर्दा मुलुकको आर्थिक परिदृश्य सकारात्मक देखिन्छ । केन्द्रीय तथ्याङ्क विभागले गरेको ६.९ प्रतिशतको कुल गार्हस्थ्य उत्पादन वृद्धिको अनुमानले निकट भविष्यको सकारात्मक अर्थिक वृद्धिको परिदृष्य प्रतिबिम्बित गर्दछ । आगामी वर्षहरुमा पनि उच्च आर्थिक वृद्धि कायम गर्ने कार्य पुनरनिर्माण, ठूला परियोजनाहरुको कार्यान्वयन तथा उर्जा आपूर्तिको व्यवस्थापनमा निर्भर हुने देखिन्छ । पुनरनिर्माण कार्यले गति लिएसँगै निकट केही समयसम्म नेपालको व्यापार सन्तुलन चापको स्थितिमा रहने देखिन्छ । तथापि वैदेशिक सहायता र प्रत्यक्ष वैदेशिक लगानीमा हुने अपेक्षित वृद्धिले देशको शोधनान्तर स्थितिलाई बचतमा राख्न सघाउ पुऱ्याउनेछ । विप्रषेण आप्रवाहको सुस्त वृद्धिले निक्षेप वृद्धिलाई समेत प्रभावित बनाएकाले आगामी दिनमा वित्तीय घर्षण कम गर्न निक्षेप र कर्जा वृद्धिको अन्तराल कम गर्दै लैजानु पर्ने देखिन्छ ।

## मुद्रास्फीति

२०७४ वैशाख महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.४ प्रतिशत कायम भएको छ । २०७३ वैशाखमा सो मुद्रास्फीति १० प्रतिशत रहेको थियो । खाद्य मुद्रास्फीति ०.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खाद्य मुद्रास्फीति ९.६ प्रतिशत रहेको थियो । यस समूह अन्तर्गतको दलहन तथा गेडागुडीको मूल्यमा १३.४ प्रतिशत, तरकारीको मूल्यमा १३.१ प्रतिशत र घ्यू तथा तेलको मूल्यमा १.९ प्रतिशतले कमी आएकोले समग्र खाद्य मुद्रास्फीति न्यून रहन गएको हो । चिनी तथा चिनीजन्य पदार्थको मूल्य १२.७ प्रतिशत र मदिराजन्य पेय पदार्थको मूल्य १०.७ प्रतिशतले वृद्धि भएको छ । गैरखाद्य मुद्रास्फीति ६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा गैरखाद्य मुद्रास्फीति १०.४ प्रतिशत रहेको थियो । उपभोक्ता मुद्रास्फीति पहाडमा ४ प्रतिशत, तराईमा ३.६ प्रतिशत, हिमालमा २.८ प्रतिशत र काठमाडौं उपत्यकामा १.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर पहाडमा ११ प्रतिशत, तराईमा ८.६ प्रतिशत, हिमालमा ९.१ प्रतिशत र काठमाडौं उपत्यकामा ११.५ प्रतिशत रहेको थियो । वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दर १.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.८ प्रतिशत रहेको थियो । थोक मूल्यअन्तर्गत कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ०.५ प्रतिशत, स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ४.५ प्रतिशत र आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क १.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ९.६ प्रतिशत र स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ६ प्रतिशतले वृद्धि भएको थियो भने आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क २.८ प्रतिशतले घटेको थियो ।

बाँकी १० पेजमा

## कार्यकारी निर्देशक पदमा कायम मुकायम मुकरर

अनुसन्धान विभागका निर्देशक निलम तिम्सिना कार्यकारी निर्देशक (अधिकृत विशिष्ट) पदमा कायम मुकायम मुकरर हुनु भएको छ । उहाँको राष्ट्र ऋण व्यवस्थापन विभागमा सरुवा भएको छ ।

## कार्यकारी निर्देशक तथा निर्देशकहरूको अवकाश

राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक त्रिलोचन पंगेनी र सूचना प्रविधि विभागका निर्देशक (आई.टि) निरा शर्माले बैंक सेवाबाट अवकाश पाउनु भएको छ । बैंक सेवामा ५८ वर्षको उमेर हदका कारण उहाँहरुलाई अवकाश दिइएको हो । राष्ट्र ऋण व्यवस्थापन विभागका निर्देशक कुलबहादुर के. सी. ले पनि बैंक सेवाबाट अवकाश पाउनु भएको छ । उहाँलाई बैंक सेवामा ३० वर्ष पूरा गर्नु भएका कारण अवकाश दिइएको हो ।

## उपनिर्देशकहरूको अवकाश

उपनिर्देशकहरुतर्फ बैंकर्स प्रशिक्षण केन्द्रका विष्णुप्रसाद खनाल, मुद्रा व्यवस्थापन विभागका वीरकाजी शाक्य र प्रेमबहादुर चन्द ठकुरी, वित्त व्यवस्थापन विभागका विनोदमान श्रेष्ठ र कुमार कार्की, आन्तरिक लेखापरीक्षण विभागका भगवती अधिकारी चापागाईं, राष्ट्र ऋण व्यवस्थापन विभागका दिवाकर पोखरेल र गोपीकृष्ण बडाल, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका हरिप्रसाद पौडेल, बैंकिङ कार्यालयका केदारनाथ डोटेल, कृष्णप्रसाद उप्रेती, खेमराज पौडेल, लोकेन्द्रबहादुर कडायत र रजनीबाबा श्रेष्ठ, पोखरा कार्यालयका कालीदास पौडेल र जनशक्ति व्यवस्थापन विभागका कृष्णप्रसाद घिमिरे बैंक सेवामा ३० वर्ष पूरा गर्नु भएका कारण अवकाश पाउनु भएको छ । उपनिर्देशक (कम्प्युटर) विदेशी विनिमय व्यवस्थापन विभागका हरिकिरण ढकाल र वित्त व्यवस्थापन विभागका पूर्णमान थापाले ५८ वर्षको उमेर हदका कारण अवकाश पाउनु भएको छ ।

## सहायक निर्देशकहरूको अवकाश

सहायक निर्देशकहरुतर्फ बैंकिङ कार्यालयका अशोकराज पाण्डे, बलराम सत्याल, बलराम भुजू, विक्रमवीरकुमार कोजू, ध्रुवप्रसाद गौतम, हरिकृष्ण कुँवर, केशु थापा, माधव बस्नेत, निर्मला श्रेष्ठ, सवना वैद्य र बाबुराम गिरी, मुद्रा व्यवस्थापन विभागका वसन्तबहादुर घर्ती, विकास पण्डित, जानुका भण्डारी, मदनकुमार श्रेष्ठ, महेन्द्रराज कार्की, राजेन्द्र श्रेष्ठ र टीकाप्रसाद चौलागाईं, बैंकर्स प्रशिक्षण केन्द्रका विष्णुप्रसाद कँडेल, गभर्नरको कार्यालयका इन्दुदेवी थपलिया र राधाकृष्ण पुडासैनी, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कृष्णमान श्रेष्ठ र कृष्णबहादुर कुँवर, विदेशी विनिमय व्यवस्थापन विभागका काजीराम थापा, सूचना प्रविधि विभागका मीना शाह ठकुरी, सामान्य सेवा विभागका राजेश खकुराल, अनुसन्धान विभागका रामशरण लामा, वित्त व्यवस्थापन विभागका शिवलाल श्रेष्ठ र जनशक्ति व्यवस्थापन विभागका हरिदास वैष्णवको पनि ३० वर्ष सेवा अवधिका कारण अवकाश भएको छ । बैंकिङ कार्यालयका विश्वम्भर अधिकारीको ५८ वर्षको उमेर हदका कारण अवकाश भएको छ । सामान्य सेवा विभागका सहायक निर्देशक (चालक) बाबुकाजी महर्जनको पनि सोही कारण अवकाश भएको छ ।

## सहायक/चालक तथा कार्यालय सहयोगीहरूको अवकाश

आन्तरिक लेखापरीक्षण विभागका प्रधान सहायकहरु नारायणप्रसाद बडाल र रामेश्वर पुडासैनी, मुद्रा व्यवस्थापन विभागका सहायकहरु केशव गिरी र न्हुच्छेराज शाक्य, सामान्य सेवा विभागका उपप्रधान चालक बालकृष्ण श्रेष्ठ, बैंकिङ कार्यालयका उपप्रधान चालक रत्नलाल महर्जन, सिद्धार्थनगर कार्यालयका उपसहायक दुर्गाप्रसाद अर्याल, अनुसन्धान विभागका मेकानिकल सुपरभाइजर लक्ष्मीनारायण श्रेष्ठ र पोखरा कार्यालयका कार्यालय सहयोगी प्रथम रामप्रसाद रेग्मीको ३० वर्ष सेवा अवधिका कारणले तथा मुद्रा व्यवस्थापन विभागका कार्यालय सहयोगी प्रथम मिनु चौला, सामान्य सेवा विभागका कार्यालय सहयोगी प्रथम होमप्रसाद पुडासैनी, सिद्धार्थनगर कार्यालयका कार्यालय सहयोगी द्वितीय इम्रिती यादव र विदेशी विनिमय व्यवस्थापन विभागका कार्यालय सहयोगी चतुर्थ लक्ष्मी भण्डारीको ५८ वर्षको उमेरका कारणले अवकाश भएको छ ।

## राजीनामा

पोखरा कार्यालयका सहायक निर्देशक चेतबहादुर गुरुङले बैंक सेवाबाट दिनु भएको राजीनामा स्वीकृत भएको छ ।

## धनगढी कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम

धनगढी कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम अन्तर्गत जेठ महिनामा उपनिर्देशक दीर्घबहादुर रावलले केन्द्रीय बैंकका कर्मचारीहरुले कसरी दैनिक व्यवहारमा अर्थशास्त्रलाई आधार मानेर सोच्ने पद्धति विकास गर्ने भनेर Thinking Like an Economist सम्बन्धी विषयमा छलफल गर्नुभयो । उहाँले उक्त कार्यक्रममा अर्थतन्त्रका विभिन्न पक्षहरुलाई कसरी नियाल्ने भनी जानकारी समेत गराउनु भयो ।

सोही कार्यक्रममा सफा नोट सम्बन्धी विषयमा पनि छलफल भयो । साथै, सहायक निर्देशक पुष्पराज शर्मा बिनाडी तथा प्रधान सहायक सुरज चौधरीले धनगढी कार्यालयमा दैनिक कार्य सम्पादनका क्रममा देखा पर्ने विभिन्न परिस्थितिका बारेमा छलफल तथा Practical demonstration पनि गर्नुभयो ।

८ पेजको बाँकी

## वैदेशिक व्यापार

आर्थिक बर्ष २०७३/७४ को दश महिनासम्ममा कुल वस्तु निर्यात ९.८ प्रतिशतले वृद्धि भई रु. ६१ अर्ब २ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा २१.७ प्रतिशतले ह्रास आएको थियो। भारततर्फ १५ प्रतिशत, चीनतर्फ ५.६ प्रतिशत र अन्य मुलुकतर्फ ३.१ प्रतिशतले निर्यात बढेको छ। कुल वस्तु आयात ३४.९ प्रतिशतले बढेर रु. ८०८ अर्ब ६८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ४.६ प्रतिशतले घटेको थियो। भारतबाट भएको आयात ४३.७ प्रतिशत, चीनबाट भएको आयात १२.५ प्रतिशत र अन्य मुलुकबाट भएको आयात २६.९ प्रतिशतले बढेको छ। कुल वस्तु व्यापार घाटा ३७.५ प्रतिशतले बढी रु. ७४७ अर्ब ६५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा २.४ प्रतिशतले घटेको थियो। निर्यात-आयात अनुपात ७.५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ९.३ प्रतिशत रहेको थियो।

## सेवा/विप्रेषण आप्रवाह

कुल सेवा आय १७.९ प्रतिशत र कुल सेवा खर्च २०.३ प्रतिशतले बढेको कारण खुद सेवा आय बचत रु. ७ अर्ब ७६ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. ८ अर्ब ७७ करोड रहेको थियो। सेवा खाता अन्तर्गत पर्यटन आय ४४.८ प्रतिशतले वृद्धि भई रु. ५० अर्ब ९७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय २२.८ प्रतिशतले घटेको थियो। विप्रेषण आप्रवाह ५.२ प्रतिशतले वृद्धि भई रु. ५६६ अर्ब ९७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १०.२ प्रतिशतले वृद्धि भएको थियो। खुद ट्रान्सफर आय १०.३ प्रतिशतले वृद्धि भई रु. ६९२ अर्ब ७६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ११.८ प्रतिशतले बढेको थियो।

## चालू खाता एवम् शोधनान्तर

अघिल्लो बर्षको दश महिनामा रु. १३४ अर्ब ३० करोडले बचतमा रहेको चालू खाता उच्च दरले बढेको वस्तु आयात तथा विप्रेषण आप्रवाहको न्यून वृद्धिका कारण रु. ७ अर्ब ५७ करोडले घाटामा गएको छ। अघिल्लो वर्षको दश महिनासम्ममा रु. १६६ अर्ब ८३ करोडले बचतमा रहेको समग्र शोधनान्तर रु. ५३ अर्ब ८४ करोडले बचतमा रहेको छ। पूँजीगत ट्रान्सफर रु. ११ अर्ब ३० करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. ११ अर्ब ६१ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु. ११ अर्ब ५९ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु. ४ अर्ब ६४ करोड रहेको थियो।

## विदेशी विनिमय सञ्चिति र पर्याप्तता सूचकहरू

कुल विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १०३९ अर्ब २१ करोडबाट १.८ प्रतिशतले वृद्धि भई २०७४ बैशाख मसान्तमा रु. १०५८ अर्ब २८ करोड रहेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७३ असार मसान्तको रु. ८८७ अर्ब १ करोडको तुलनामा २०७४ बैशाख मसान्तमा १.२ प्रतिशतले वृद्धि भई रु. ८९७ अर्ब ७४ करोड रहेको छ। बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १५२ अर्ब २० करोडको तुलनामा ५.५ प्रतिशतले वृद्धि भई रु. १६० अर्ब ५४ करोड पुगेको छ। कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २२.८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७३/७४ को दश महिनासम्मको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १३.२ महिनाको वस्तु आयात र ११.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४०.७ प्रतिशत, ९५.३ प्रतिशत र ४२.७ प्रतिशत रहेका छन्। २०७३ असार मसान्तमा यस्ता अनुपातहरू क्रमशः ४६.२ प्रतिशत, ११७.४ प्रतिशत र ४६.३ प्रतिशत रहेका थिए।

## सरकारी बजेट/खर्च/राजस्व/नगद मौज्दात

आर्थिक वर्ष २०७३/७४ को दश महिनासम्ममा नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट रु. ५९ अर्ब ९१ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. ६४ अर्ब ८२ करोड रहेको थियो। नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ४३.७ प्रतिशतले वृद्धि भई रु. ४७८ अर्ब ६३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च ८ प्रतिशतले बढेर रु. ३३३ अर्ब १४ करोड पुगेको थियो। चालू खर्च ४३.२ प्रतिशतले बढेर रु. ३४४ अर्ब ९९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च रु. २४० अर्ब ९९ करोड रहेको थियो। पूँजीगत खर्च रु. ९० अर्ब २४ करोड भएको छ। अघिल्लो वर्ष यस्तो खर्च रु. ४२ अर्ब ९९ करोड भएको थियो। नेपाल सरकारको कुल राजस्व सङ्कलन ३२.६ प्रतिशतले वृद्धि भई रु. ४६४ अर्ब ४२ करोडमा पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व ११.९ प्रतिशतले वृद्धि भई रु. ३५० अर्ब २७ करोड पुगेको थियो। स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून भएकोले २०७४ बैशाख मसान्तसम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. २६२ अर्ब ३५ करोड नगद मौज्दात कायम रहेको छ।

## मुद्राप्रदाय

विस्तृत मुद्राप्रदाय १०.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय १२.३ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०७४ बैशाख मसान्तमा विस्तृत मुद्राप्रदाय १७.५ प्रतिशतले बढेको छ। खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ५३ अर्ब ८४ करोडले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. १६६ अर्ब ८३ करोडले बढेको थियो। सञ्चित मुद्रा ५ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा २.१ प्रतिशतले घटेको थियो। वार्षिक बिन्दुगत आधारमा २०७४ बैशाख मसान्तमा उक्त मुद्रा १२.१ प्रतिशतले बढेको छ।

## निक्षेप सङ्कलन/कर्जा प्रवाह

बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ९.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ११.९ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०७४ बैशाख मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १६.६ प्रतिशतले बढेको छ। २०७३ बैशाख मसान्तमा

क्रमशः ११ पेजमा

यस्तो निक्षेप १९.५ प्रतिशतले बढेको थियो । २०७४ बैशाखमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ति, बचत र मुद्दतीको अंश क्रमशः ७.८ प्रतिशत, ३६.२ प्रतिशत र ४२.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ८.५ प्रतिशत, ४३.७ प्रतिशत र २९.७ प्रतिशत रहेको थियो । बैंक तथा वित्तीय संस्थाहरुको निजी क्षेत्रतर्फ लगानीमा रहिरहेको कर्जा १६.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १६.२ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको १९.७ प्रतिशत र विकास बैंकहरुको २.५ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको १.७ प्रतिशतले घटेको छ । वार्षिक बिन्दुगत आधारमा २०७४ बैशाखमा बैंक तथा वित्तीय संस्थाहरूको निजी क्षेत्रतर्फ लगानीमा रहिरहेको कर्जा २४.१ प्रतिशतले बढेको छ । २०७३ बैशाख मसान्तमा यस्तो कर्जा २१.१ प्रतिशतले बढेको थियो । कृषि क्षेत्रतर्फको कर्जा १०.८ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा १२.४ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा १८.४ प्रतिशत, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा १३.८ प्रतिशत, सेवा क्षेत्रका उद्योगतर्फको कर्जा १६.८ प्रतिशत र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा २६.१ प्रतिशतले बढेको छ । २०७४ बैशाखसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६१ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १३.९ प्रतिशत कर्जा चालू सम्पत्ति कृषि तथा गैरकृषिजन्य वस्तुको धितोमा प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६१.५ प्रतिशत र १४.२ प्रतिशत रहेको थियो । २०७४ बैशाख मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल लगानीमा रहेको कर्जाको ४२.२ प्रतिशत ओभरड्राफ्ट, शेयर मार्जिन, घरजग्गा (Real Estate) तथा हायर पर्चेजतर्फ रहेको छ । साथै यी क्षेत्रहरुमा रहेको कर्जा २०७३ बैशाखको तुलनामा २९.२ प्रतिशतले बढेको छ । २०७४ बैशाख मसान्तमा वाणिज्य बैंकहरूबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल लगानीमा रहेको कर्जाको २.७ प्रतिशत (रु. ४४ अर्ब १५ करोड) छ । समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट प्रवाहित ट्रष्ट रिसिट (आयात) कर्जा १.९ प्रतिशत (रु. १ अर्ब ३८ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २७ प्रतिशतले बढेको थियो ।

## पुनरकर्जा र उत्पादनशील कर्जा

साधारण पुनरकर्जा रु. १२ अर्ब ८ करोड ८० लाख र निर्यात कर्जा रु. ७२ करोड ६० लाख गरी कुल रु. १२ अर्ब ८१ करोड ४० लाख पुनरकर्जा उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा साधारण पुनरकर्जा रु. ४ अर्ब ५७ करोड र निर्यात पुनरकर्जा रु. १ अर्ब १७ करोड गरी जम्मा रु. ५ अर्ब ७४ करोड पुनरकर्जाको उपयोग भएको थियो । भूकम्प पीडितहरूलाई बढीमा २ प्रतिशतसम्मको ब्याजमा आवासीय घर निर्माण कर्जा प्रदान गर्न यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत २०७४ बैशाख मसान्तसम्म कुल रु. ६७ करोड ५० लाख २५ हजार कर्जा प्रदान भएको छ । वाणिज्य बैंकहरूले तोकिएका उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था रहेकोमा २०७४ बैशाख मसान्तसम्ममा वाणिज्य बैंकहरूको यस्तो कर्जा अनुपात १७.३ प्रतिशत रहेको छ ।

## तरलता व्यवस्थापन

आर्थिक वर्ष २०७३/७४ को दश महिनासम्ममा खुला बजार कारोबारमार्फत् रु. ६१ अर्ब तरलता प्रवाह भएको छ । यस अन्तर्गत रिपो बोलकबोल (ब्याजदर करिडोर अन्तर्गतको रु. ५ अर्ब ४० करोड सहित) मार्फत् कुल रु. ३३ अर्ब २१ करोड र सोझै खरीद बोलकबोलमार्फत रु. २७ अर्ब ७९ करोड तरलता प्रवाह भएको छ । वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले रु. ६२ अर्ब ३९ करोडको स्थायी तरलता सुविधा उपयोग गरेका छन् । आर्थिक वर्ष २०७३/७४ को दश महिनासम्मको अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ३ अर्ब ३५ करोड खुद खरिद गरी रु. ३५७ अर्ब ५९ करोड खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ३ अर्ब ७१ करोड खुद खरिद भई रु. ३९२ अर्ब २५ करोड खुद तरलता प्रवाह भएको थियो । आर्थिक वर्ष २०७३/७४ को दश महिनासम्ममा खुलाबजार कारोबारमार्फत् रु. १०१ अर्ब १० करोड तरलता प्रशोचन गरिएको छ । यस अन्तर्गत ब्याजदर करिडोर अन्तर्गतको चौध दिने निक्षेप बोलकबोलमार्फत् रु. २९ अर्ब ८० करोड, ९० दिने निक्षेप बोलकबोलमार्फत् रु. ७ अर्ब ५ करोड र रिभर्स रिपोमार्फत् रु. ६४ अर्ब २५ करोडको प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप बोलकबोल, रिभर्स रिपो तथा सोझै बिक्री बोल-कबोलमार्फत् क्रमशः रु. २९७ अर्ब ५० करोड, रु. १७० अर्ब ९५ करोड र रु.९ अर्ब १० करोड गरी जम्मा रु. ४७७ अर्ब ५५ करोड तरलता प्रशोचन गरिएको थियो । अमेरिकी डलर ३ अर्ब ३८ करोड र यूरो ११ करोड बिक्री गरी रु. ३७२ अर्ब २२ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ८० करोड र यूरो ११ करोड बिक्री गरी रु. ३०८ अर्ब ४४ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

## अन्तरबैंक कारोबार/ब्याजदर

आर्थिक वर्ष २०७३/७४ को दश महिनासम्ममा वाणिज्य बैंकहरूले रु. ८९० अर्ब ८३ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु. ३२१ अर्ब ८१ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरू र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. ७७७ अर्ब ७२ करोड र रु. ७३ अर्ब १३ करोडको यस्तो कारोबार गरेका थिए । २०७३ बैशाखमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर १.३४ प्रतिशत रहेकोमा २०७४ बैशाखमा ०.७८ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७३ बैशाखको ३.४४ प्रतिशतको तुलनामा २०७४ बैशाखमा २.७३ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७३ बैशाखको २.७५ प्रतिशतको तुलनामा २०७४ बैशाखमा ३.९२ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर २०७३ बैशाखको ६.३ प्रतिशतको तुलनामा २०७४ बैशाखमा ९ प्रतिशत कायम हुन आएको छ ।

# भा.रु. नोटबन्दीबाट सिक्नु पर्ने पाठ



**टिकाराम तिमिल्सिना**
सहायक निर्देशक
ने.रा.बैंक

भारतले सन् २०१६ नोभेम्बर ८ का दिन नक्कली नोट नष्ट गर्ने, आतङ्कवादी क्रियाकलाप नियन्त्रण गर्ने, प्रत्यक्ष मुद्राको कारोबारलाई घटाई भ्रष्टाचार नियन्त्रण गर्ने, गैरकानुनी रुपमा आर्जित मुद्रालाई शुद्धीकरण हुनबाट रोक्ने जस्ता उद्देश्य सहित भा. रु. ५०० र १००० दरका नोट प्रतिबन्ध गर्ने घोषणा गर्‍यो । सो घोषणापछि उक्त नोटहरुको साटो नयाँ दरका नोट सटही गरी दिने म्याद पनि गत डिसेम्बर ३१ बाट सकिएको छ । त्यसयता अरु ६ महिना पनि बितिसकेको छ । भारत सरकारले यस कदमबाट लिएको अल्पकालीन तथा दीर्घकालीन लक्ष्यहरु के कति पूरा भए र हुनेछन् भन्ने बारेमा लेखाजोखा भइरहेका छन् । तर भारतको यस कदमबाट छिमेकी देश मूलतः नेपाल र भुटानका बैंकिङ च्यानल तथा सर्वसाधारणसँग रहेको सो दरका भारतीय मुद्राको भविष्य भने आजसम्म पनि अनिश्चित नै छ । यस बीचमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकका तर्फबाट भएको सटही गर्ने प्रयासले मूर्त रुप पाउन सकेको छैन । तथापि भारतले मुलुक बाहिरको मुद्राको बारेमा विचार गर्न सक्ने सम्भावना जीवितै छ ।

डिमोनिटाइजेसनको अर्थ प्रचलनमा रहेका मुद्रालाई निष्क्रिय पार्नु हो । भारत सरकारको यो निर्णय सापेक्षित रुपले अप्रिय हुँदा हुँदै पनि विशेष उद्देश्य प्राप्तिका लागि आएको देखिन्छ । निकट छिमेकी देश हुनु, खुला सिमाना हुनु तथा नेपालको दुईतिहाइ व्यापार भारतसँग हुने गरेकाले भारत सरकारको यो कदमप्रति नेपालको चासो रहनु स्वाभाविक नै हो । यो निर्णय आउनु अघिसम्म भारत आवतजावत गर्ने नेपालीलाई २५ हजार रुपैयासम्मको ५०० र १००० दरका भा. रु. नोट ल्याउन लैजान पाउने व्यवस्था रहेको थियो । त्यसैले नेपालमा ठूलो मात्रामा उक्त दरका भा. रु. रहेको अनुमान गर्न सकिन्छ । केहीले भने भा. रु. विनिमय घाटा सहेरै पनि सटही गरिसकेको अनुमान विज्ञहरुले गरेका छन् । भा. रु. १०० बरावर ने. रु. १०० को दरले पनि बजारमा सटही भएको कुरा सुनिएको हुँदा नेपालीलाई यसबाट ठूलो घाटा लागेको देखिन्छ ।

मुद्रा डिमोनिटाइजेसनका निर्णयहरु विगत लामो समयदेखि विश्वमा अभ्यासमा आएको पाइन्छ । यस प्रकारको निर्णय अमेरिका, युरोप, भारत तथा नेपालमा समेत गरिएको थियो । भारतमा सन १९४६ मा रु. १ हजार र १० हजारको नोट खारेजी, १९५४ मा अर्को १ हजार, ५ हजार र १० हजार दरका नोट प्रचलनमा ल्याइनु र त्यसपछि मुरारिजी प्रधानमन्त्री भएको बेला उक्त दरका नोटलाई पुन प्रतिबन्ध लगाइएको पाइन्छ । त्यसैले भारत सरकारको नोट प्रतिबन्ध गर्ने उक्त घोषणा नयाँ होइन । यसैगरी सन् १९६९ मा अमेरिकामा ५ सय डलरको खारेजी, इयुको केन्द्रीय बैंकले सोही वर्ष गरेको ५ सयको नोटको खारेजी, सिंगापुरमा सन २००० को १० हजार दरको नोट खारेजी र सन् २००० मा नै क्यानडाले गरेको १ हजारको नोटको खारेजी हेर्दा डिमोनिटाइजेसनलाई एउटा नियमित प्रक्रिया मान्न सकिन्छ । गत डिसेम्बर १२ देखि भेनेजुएलाका राष्ट्रपति निकोलस मुदुरोले पनि १०० बोलिभार दरका नोटमाथि प्रतिबन्ध लगाएकामा तयारी नपुगेकाले सो निर्णय फिर्ता लिएका थिए । नेपालमा पनि गणतन्त्रको स्थापना पश्चात् राजाका तस्वीर अङकित नोटहरुलाई चलनचल्तीबाट हटाउने निर्णय गरिएको थियो तर सो निर्णय पूर्णरुपमा कार्यान्वयन हुन सकेन ।

भारत सरकारको यस कदमलाई केही अर्थशास्त्रीहरुले कालो धन र भ्रष्टाचार नियन्त्रण गर्ने औजारका रुपमा लिएका छन् भने केहीले यस प्रयासबाट भ्रष्टचार नियन्त्रण नहुने र मध्यम तथा निम्न वर्गका मानिस मात्र यो कदमबाट प्रभावित हुने बताएका छन् । सरकार विरोधी दलहरुले उक्त कदमप्रति असहमति व्यक्त गरे पनि निर्दिष्ट समय गुज्रिसकेको छ । भारतीय सञ्चार माध्यमका अनुसार सर्वसाधारणले नोट सटहीको क्रममा धेरै सास्ती भोग्नु परेको र केही सर्वसाधारणले ज्यान समेत गुमाउन पुगेको देखिन्छ । तर भारत सरकार यस कदमको असर लामो समयसम्म नरहने र अपेक्षित लक्ष्य हासिल हुनेमा विश्वस्त छ ।

नेपाल-भारतबीचको ठूलो व्यापार हिस्सा, भारतमा कार्यरत नेपालीहरुबाट प्राप्त हुने रेमिट्यान्स, खुला सिमाना जस्ता कारणले गर्दा हाल भा. रु. व्यवस्थापन नेपालको लागि टाउको दुखाइको विषय बन्न पुगेको छ । पहिले रु. २५ हजारसम्म भारतबाट ल्याउन दिने प्रावधान रहेको सन्दर्भमा सो रकमसम्मको सटहीलाई सुनिश्चित गर्न नेपाल सरकार तथा नेपाल राष्ट बैंकले परिणाममुखी प्रयास गर्नुपर्दछ । नोट प्रतिबन्धको उक्त निर्णयले नेपाली नागरिकहरु पीडित भएका छन् । सुदूर पश्चिम लगायत भारतीय सीमा जोडिएका जिल्लाहरुमा भा. रु. नोट बढी प्रचलनमा आउने गरेको छ । यस परिस्थितिमा नेपाल राष्ट बैंकले उक्त जिल्लाहरुमा नेपाली नोटहरुको सहज पहुँच तथा भा. रु. नोटको प्रचलनलाई उचित वित्तीय साक्षरताका माध्यमबाट निरुत्साहन गर्नु पर्दछ । भारत सरकारले विगत लामो समयदेखि आफ्नो मुद्रा पटक पटक खारेज गर्दै आइरहेको छ । यसबाट परेको र पर्नसक्ने नकारात्मक असर न्यूनीकरण गर्ने कदम चाल्न नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले ढिला गर्नु हुँदैन ।

*timilsina_tika@yahoo.com*

***प्रकाशक***
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext .: ३६२
ईमेल : samachar@nrb .org .np, वेबसाईट : www .nrb .org .np

***सम्पादक***
शम्भुनाथ ढुङ्गाना

***सम्पादन सहयोगी***
सुरेश पन्त
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४२६७५१८, ४२६८११६